का.का. प. २०७९/०५/२९– १६१५

त्रिभुवन विश्वविद्यालय
अनुसन्धान निर्देशनालय सम्बन्धि विनियम, २०७८
परिच्छेद ५
लघु अनुसन्धान परियोजना सञ्चालन सम्बन्धी व्यवस्था

१६ लघु अनुसन्धान परियोजना सञ्चालन गर्न परियोजनाकारको आवश्यक योग्यता

(क) त्रि.वि. का पूर्णकालीन (करार, अस्थायी वा स्थायी) शिक्षा तथा कम्तिमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण विश्वविद्यालयका अधिकृत स्तरका स्थायी कर्मचारी लघु अनुसन्धान कार्यका लगिा आवेदन दिन योग्य हुनेछन् ।

(ख) लघु अनुसन्धानको लागि आवेदन दिने बेलामा अध्ययन, स्वाध्ययन वा बेतलवी विदामा बसेका वा विश्वविद्यालय बाहिर बेतलवी काजमा गएका शिक्षक कर्मचारीहरु लघु अनुसन्धान कार्यका लागि आवेदन दिन योग्य हुने छैनन् ।

(ग) त्रिभुवन विश्वविद्यालयको कुनै पनि सावधिक पदमा पुरा समय काम गर्ने गरी नियुक्त पदाधिकारी लघु अनुसन्धान कार्यका लागि आवेदन दिन योग्य हुने छैनन् । सावधिक पद भन्नाले लघु अनुसन्धान परियोजनाको सन्दर्भमा उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन बुझाउने छ ।

(घ) त्रि.वि. अनुसन्धान समन्वय तथा विकास परिषद्को कार्य समितिका सदस्य लघु अनुसन्धान परियोजनाका लागि आवेदन दिन योग्य हुने छैनन् ।

१७ अनुसन्धान प्रस्ताव आव्हान र स्वीकृत गर्ने व्यवस्था

(क) अन्यथा व्यवस्था भएमा बाहेक हरेक बर्षको असार मसान्तसम्ममा अनुसन्धान निर्देशनालयमा आइपुग्ने गरी अनुसन्धान निर्देशनालयले लघु अनुसन्धान प्रस्ताव आव्हान गर्नेछ ।

(ख) प्राप्त भएका अनुसन्धान प्रस्तावहरुलाई विशेषज्ञहरुद्वारा मूल्याङ्कन गराइनेछ ।

(ग) स्वीकृत भएका अनुसन्धान प्रस्तावका प्रस्तोताले तोकिएको समयमा प्रस्तावको मौखिक प्रस्तुतीकरण गर्नुपर्नेछ ।

अनुसन्धान निर्देशनालय
शिक्षाध्यक्षको कार्यालय
त्रि.वि.कीर्तिपुर

(घ) स्वीकृत अनुसन्धान प्रस्तावका प्रस्तोताले तोकिएको समयभित्र अनुसन्धान दिर्नेशनालयमा सम्पर्क राख्न नआएमा निजलाई अनुसन्धान कार्य सञ्चालन गर्न दिएको स्वीकृति रद्द गरी वैकल्पिक रुपमा रहेका अन्य अनुसन्धान प्रस्तावका प्रस्तोताहरुलाई अनुसन्धान कार्य सञ्चालन गर्न स्वीकृत प्रदान गर्न सकिनेछ ।

(ङ) यो अनुसन्धान परियोजनाको अवधि १ बर्षको हुनेछ ।

(च) यो लघु अनुसन्धानलाई अंग्रेजीमा Small Research भनिनेछ ।

१८ अनुसन्धान प्रतिवेदन बुझाउने व्यवस्था

(क) अनुसन्धान परियोजना सम्पन्न गरी तोकिएको समयभित्र अनुसन्धान निर्देशनालयमा अन्तिम प्रतिवेदन बुझाई सक्नुपर्नेछ ।

(ख) माथि १८ (क) मा जे लेखिएको भएतापनि तोकिएको समयभित्र अन्तिम प्रतिवेदन प्रतिवेदन पेश गर्न नसक्नुको कारण जनाई अनुसन्धान परियोजनाकारले समय थप गर्न निवेदन दिन आएमा अनुसन्धान निर्देशनालयका प्रमुखलाई उपयुक्त लागेमा एक पटक वा पटक पटक गरी बढीमा छ महिनासम्मको लागि मात्र समय थप गर्न सक्नेछ । तर यसरी समय थप गरिएको कारणले चालु आर्थिक बर्ष व्यतित भइ बजेट खारिज (Lapse) भएमा अनुसन्धान परियोजनाकारलाई दिन बाँकी रकम उपलब्ध गराउन अनुसन्धान निर्देशनालय बाध्य हुने छैन ।

(ग) माथि १८ (ख) मा व्यवस्था भए अनुसार म्याद थप गरिएको समय भित्र पनि कुनै भवितव्यको कारणले वा अन्य कुनै जायज कारणले अनुसन्धान परियोजनाकार आफ्नो अनुसन्धान परियोजना सम्पन्न गर्न नसकी समय थप गर्न निवेदन दिन आएमा शिक्षाध्यक्षले उक्त अनुसन्धान परियोजनाका सम्बन्धमा बाँकी रकम भुक्तानी गर्ने गरी वा नगर्ने गरी एक पटकको लागि मात्र बढीमा छ महिनासम्मको लागि समय बढाउने वा उक्त अनुसन्धान परियोजना रद्द गरी अनुसन्धान परियोजनाकारलाई प्रदान गरिएको रकम फिर्ता गर्ने आदि सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(घ) अन्तिम पटक थप गरिएको समयभित्र पनि अनुसन्धान प्रतिवेदन पेश हुन नसकेको खण्डमा लिएको रकममा लिएको दिनदेखि नै बार्षिक २० प्रतिशत हर्जाना समेत समेत थप गरी अनुसन्धान परियोनाकारले अनुसन्धान निर्देशनालयमा बुझाउनु पर्नेछ ।

(ङ) अनुसन्धान निर्देशनालयमा प्राप्त भएका अनुसन्धान प्रतिवेदनहरु साधारणतः विश्वविद्यालयको केन्द्रीय पुस्तकालय तथा अन्य सम्बन्धित निकायमा पठाइनेछ ।

अनुसन्धान निर्देशनालय
शिक्षाध्यक्षको कार्यालय
त्रि.वि.कीर्तिपुर

(च) अनुसन्धान निर्देशनालयमा प्राप्त अनुसन्धान प्रतिवेदन विश्वविद्यालयको सम्पत्ति हुनेछ । र विश्वविद्यालयको पूर्व स्वीकृति वेगर यसलाई पूरा वा आंशिक तथा अन्य कुनैपनि प्रकारले प्रकाशित गर्न पाइने छैन ।

(छ) अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि मूल्याङ्कन गराउन विशेषज्ञ समक्ष पठाइने छ र विशेषज्ञद्वारा प्रतिवेदनमा थपघट गर्नुपर्ने वा सामान्य संशोधन गर्नु पर्ने वा पूरै प्रतिवेदन पुनः लेखन गर्नुपर्ने भन्ने भएमा अनुसन्धान परियोजनाकारले सोही अनुसार कार्य सम्पन्न गरेपछि मात्र निजलाई अन्तिम किस्ताको रकम निकासा दिइनेछ । अनुसन्धान प्रतिवेदन परिमार्जन कार्य सम्पन्न नगरुन्जेल निजलाई विश्वविद्यालयको कुनै पनि निकायबाट अर्को अनुसन्धान परियोजना तथा अनुसन्धान सम्बन्धी अन्य कुनै कार्य दिइने छैन ।

(ज) लघु अनुसन्धान प्रतिवेदनको Plagiarism test अनिवार्य रुपमा त्रि.वि अन्तर्गत तोकिएको संस्थावाट गराउनुपर्नेछ ।

(झ) लघु अनुसन्धान परियोजना प्राप्त गर्ने अनुसन्धानकर्ताले कम्तिमा १ वटा अनुसन्धानात्मक लेख रचना प्रकाशित गर्नुपर्नेछ । उक्त लेख रचना SCImago/Impact Factor Journal मा प्रकाशित गर्न प्राथमिकता दिनुपर्नेछ । SCImago/Impact factor Journal मा प्रकाशन नभएमा सो लेख रचना प्रकाशित गर्दा UGC, Nepal वा त्रि.वि. सेवा आयोगले सूचीकृत गरेको Peer- reviewed जर्नलमा प्रकाशन गर्नुपर्नेछ ।

१९ लघु अनुसन्धान परियोजना सञ्चालनमा दिइने रकमको व्यवस्था:

(क) स्वीकृत अनुसन्धान परियोजनाको कार्य संचालन गर्न पहिलो किस्तामा स्वीकृत लागतको ४० प्रतिशत रकम सम्बन्धित अनुसन्धान परियोजनकारसँग करारनामा गरेपछि पेश्की स्वरुप प्रदान गरिनेछ ।

(ख) मस्यौदा अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि स्वीकृत लागत मध्येबाट दोस्रो किस्ता स्वरुप ३० प्रतिशत रकम प्रदान गरिनेछ ।

(ग) पेश गरिएको अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई विशेषज्ञको सिफारिस अनुसार परिमार्जन तथा मौखिक प्रस्तुतीकरण (Live presentation) मा प्राप्त सुझाव अनुसार परिमार्जन गरी लघु अनुसन्धान प्राप्त गर्ने परियोजनाकारले कम्तीमा १ वटा अनुसन्धनात्मक लेख रचना प्रकाशित गरेपछि वा प्रकाशनको लागि सम्बन्धित जर्नलको लेख रचना प्रकाशन स्वीकृत लिएको पत्र बुझाएपछि तेस्रो तथा अन्तिम किस्ता वापत स्वीकृत लागतको ३० प्रतिशत रकम भुक्तानी दिइनेछ ।

अनुसन्धान निर्देशनालय
शिक्षाध्यक्षको कार्यालय
त्रि.वि.कीर्तिपुर

(घ) तोकिएको समयभित्र अनुसन्धान प्रतिवेदन पेश नगरेको खण्डमा भने अनुसन्धान परियोजनाकारले प्राप्त गरेको रकममा प्राप्त गरेको मितिदेखि बार्षिक २० प्रतिशत हर्जाना थप गरी असुल उपर गरिनेछ ।

(ङ) माथि जे लेखिएको भए तापनि अनुसन्धान परियोनाकारको काबू बाहिरको कारणले अनुसन्धान परियोजना कार्य सम्पन्न गर्न असमर्थ भई सामान्यतः करारनामा अनुसारको परियोजना सम्पन्न भइसक्नु पर्ने समयभन्दा एक महिना पहिले नै लिएको रकम फिर्ता गर्न आएमा अनुसन्धान परियोजनाकारबाट अनुसन्धान बापत लिएको पेश्की रकम भन्दा बढी रकम असुल गरिने छैन ।

(च) लघु अनुसन्धानको रकम रु २,००,०००।– देखि रु.३,००,०००।– सम्मको हुनेछ ।

२० पारिश्रमिकको व्यवस्था

(क) लघु अनुसन्धानको प्रस्ताव मूल्याङ्कन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रस्ताव रु १,७२५।– का दरले पारिश्रमिक दिनेछ ।

(ख) लघु अनुसन्धानको प्रतिवेदन मूल्याङ्कन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रतिवेदन रु २,८७५।– का दरले पारिश्रमिक दिइनेछ ।

(ग) लघु अनुसन्धान प्रतिवेदन मूल्याङ्कन गर्न मौखिक प्रस्तुतीकरण (Live presentation) मा सहभागी भई मूल्याङ्कन गरेवापत विशेषज्ञलाई रु १,७२५।– का दरले पारिश्रमिक दिइनेछ ।

अनुसन्धान निर्देशनालय
शिक्षाध्यक्षको कार्यालय
त्रि.वि.कीर्तिपुर